# राष्ट्रिय योजना आयोगको सचिवालय

## प्रेस विज्ञप्ती

२०७३ बैशाख [illegible] मंगलवार

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री के.पी.शर्मा ओलीज्यूको अध्यक्षतामा समितिको छत्तीसौं बैठक बस्यो । उक्त बैठकमा चालू आर्थिक बर्ष २०७२/७३ मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरुको दोस्रो चौमासिक अवधिसम्मको प्रगति स्थिति र कार्यान्वयनमा देखापरेका तथा मन्त्रालयस्तरबाट समाधान हुन नसकेका समस्याहरुका बारेमा बिस्तृत छलफल भयो । बैठकमा विगतमा राष्ट्रिय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरुको कार्यान्वयन प्रगति बारेमा समेत समिक्षा भयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले बैठकमा निम्नानुसारको निर्देशन दिनुभयो :

१. नेपालको संबिधानको कार्यान्वयन सँगसँगै वर्तमान सरकारको ध्यान पुन:निर्माण र आर्थिक सामाजिक विकासको कार्यसूचीमा केन्द्रित भएको छ । त्यसैले विकास आयोजना तथा कार्यक्रमहरुको शीघ्र कार्यान्वयन गर्न म सबैको ध्यान आकृष्ट गर्न चाहन्छु ।

२. विकास आयोजनाहरूको समीक्षा गर्दा दोस्रो चौमासिक प्रगति सन्तोषजनक देखिएन । राष्ट्रिय गौरवका आयोजनाहरू लगायत प्राथमिकतामा परेका आयोजनाहरूको प्रगति समेत आशालाग्दो देखिएन । पूँजिगत बजेट खर्च गर्ने हाम्रो क्षमता अत्यन्तै कमजोर देखियो । त्यसैले पूँजिगत खर्च कम हुनाका कारण तथा समस्याहरूको पहिचान तथा समाधान गरी लक्षित उपलब्धीहरू हासिल गर्नेतर्फ लाग्न सम्बन्धित विभागीय मन्त्रीहरूलाई आग्रह गर्दछु ।

३. आर्थिक वर्षको शुरुमा दक्षिणतर्फ सीमा नाकामा अवरोध भएका कारणले इन्धन तथा अन्य निर्माण सामग्रीको अभाव हुँदा विकास निर्माण पछि पर्नु स्वाभाविकै भए पनि आपूर्ति व्यवस्था सहज भइसक्दा समेत कामले अग्रगति लिन नसक्नुको खास कारण देखिदैंन । चालू आ.व.को अझै दुई महिनाभन्दा बढी बाँकी समय अवधिमा सम्भव भएसम्म विकास निर्माणका कामहरू तीब्रताका साथ सम्पन्न गर्न सम्वद्ध मन्त्रालयहरूले विशेष मेहनतका साथ लाग्नुपर्छ ।

४. आगामी आ.ब. २०७३/७४ को नीति तथा कार्यक्रम व्यवस्थापिका संसदमा प्रस्तुत हुँदैछ । नीति कार्यक्रमले हाम्रा आवश्यकता, क्षमता र संविधान तथा ऐन कानुन वमोजिम सम्पादन गर्नुपर्ने विषयहरुलाई समेट्ने नै छ ।

५. नयाँ संविधान पछि हाम्रो परिस्थिति परिवर्तन भएको छ । तर, परिवर्तित परिस्थितिमा समेत पुरानै तरिकाले अघि बढ्दा नतिजा हासिल हुन सक्दैन । त्यसैले नयाँ दृष्टिकोणका साथ अघि बढ्न म सबैलाई आह्वान गर्दछु ।

६. धेरै अघिदेखि योजना बनेको भए पनि कार्यान्वयनमा आउन नसकेको सुरक्षण मुद्रणलाई आगामी आ.ब.देखि सञ्चालनमा ल्याउने गरी काम अघि बढाउन म सूचना तथा संचार मन्त्रालयलाई निर्देशन दिन्छु ।

७. जनता आवास कार्यक्रम अन्तर्गत आफ्नै स्वामित्वमा जग्गा नभए पनि आवश्यक विधि खोजेर आवासविहीन परिवारहरुलाई आवास निर्माण गरिदिनु पर्दछ । आवासका अतिरिक्त सीप तथा क्षमता विकासका कार्यक्रम पनि सञ्चालन गरिनु पर्दछ ।

८. समाधान हुन बाँकी रहेको मुक्त कमैया, हलिया र सुकुम्बासी समस्यालाई पनि एक बर्षभित्रै टुंग्याउने गरी तीब्रताका साथ काम गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई निर्देशन दिन्छु ।

९. बनको अतिक्रमण कडाइका साथ रोक्नुपर्छ । बनको सुरक्षा, संरक्षणका साथै यसको सदुपयोग पनि गर्नेतर्फ लाग्नुपर्दछ ।

१०. नदी नियन्त्रण कार्यक्रमलाई जोड दिई मूलतः तराइ मधेशका नदीहरुको नियन्त्रण गरी उकास भएको जग्गा कृषि तथा वनको विकासमा लगाउन सकिन्छ ।

११. भूउपयोग विधेयकलाई मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति दिइसकेको छ यसलाई छिट्टै तर्जुमा गरी कार्यान्वयनमा लैजानुपर्दछ ।

..............................

(गोकुल खड्का)

कार्यक्रम निर्देशक

राष्ट्रिय योजना आयोगको सचिवालय